## मिति २०७८।०८।२३ गते ६७ औं कार्यपालिका बैठकका निर्णय हरु :

### निर्णय नं १

चालु आ.व २०७८।७९ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार चालु खर्च विनियोजन तर्फको रकम बाट वडा कार्यालयको दैनिक प्रशासनिक तथा कार्यालय संचालनका लागी देहायको बजेट सिमा तोकी पठाउने निर्णय गरियो ।

| सि न | ब.शि.नं | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २२३११ | कार्यालय संचालन | ६०,०००। | |
| २. | २२११२ | संचार | ६,०००। | |
| ३. | २२१११ | पानी विजुली | १२,०००। | |
| ४ | २२२१३ | सवारी साधन मर्मत | १५,०००। | |
| ५. | २२२१२ | इन्धन | २५,०००। | |
| | २२७११ | विविध | ६०,०००। | |
| | जम्मा | | १,७८,०००। | |

### निर्णय नं २

चालु आ.व.का लागी प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागी कपुरकोट गाउँपालिकाका लागी शर्शत अनुदान मार्फत विनियोजित रु १,६७,३७,०००। बजेट देहाय अनुसारको बजेट सिमा र कामदार संख्याको अधिनमा रहि वडा कार्यालयबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

| सि न | वडा न. | बजेट | कामदार संख्या |
|---|---|---|---|
| १. | वडा नं १ | रु २७,११,९००। | ४७ जना |
| | वडा नं २ | रु २३,६५,७००। | ४१ जना |
| | वडा नं ३ | रु १८,४६,४००। | ३२ जना |
| | वडा नं ४ | रु २७,११,९००। | ४७ जना |
| | वडा नं ५ | रु ४२,१२,१००। | ७३ जना |
| | वडा नं ६ | रु २८,८५,०००। | ५० जना |
| जम्मा | | रु १,६७,३३,०००। | २९० जना |

### निर्णय नं ३

चालु आ.व. २०७८।७९ को कपुरकोट गाउँपालिकाको शर्शत बजेट तथा कार्यक्रम अर्न्तगत बाखापालन साना व्यावसायिक पकेट कार्यक्रम संचालन वडा नं ३ र ५ का लागी रु ७ लाख विनियोजन भएकोले

वडा नं ३ मा संचालित समुह/समितिकालागी रु ४ लाख र वडा नं ५ मा संचालित समुह/समितिका लागी रु ३ लाख बाँडफाँड गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

चालु आ.व. २०७८।७९ को कपुरकोट गाउँपालिकाको शर्शत बजेट तथा कार्यक्रम अर्न्तगत तरकारी बाली साना कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालनका लागी रु १२ लाख बजेट विनियोजन भइ आएकाले वडा नं ३ मा रु ६ लाख र वडा नं ४ मा रु ६ लाख हुने गरी विनियोन गरी कार्यक्रम संचलन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

चालु आ. व. २०७८।७९ का लागी कपुरकोट गाउँ सभाबाट विनियोजित बजेट अन्तरगत हाल सम्म भएको चालु तथा पुजिँगत खर्च विवरण सम्बन्धी प्रतिबेदन यस गाउँ कार्यपालिकाको बैठकमा पेश भए बमोजिम खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

चालु आ.व. २०७८।७९ को कपुरकोट गाउँपालिकाको शर्शत बजेट तथा कार्यक्रम अर्न्तगत बहुक्षेत्रिय पोषण कार्यक्रम संचालन लागी विनियोजन भएको रु ३२ लाख ४१ हजार रकम बहुक्षेत्रिय पोषण कार्यक्रम संचालन सम्बन्धी निदेर्शिका अनुसार सबै शाखाहरुबाट प्रस्ताव भई आएका कार्यक्रमहरु पेश भए बमोजिम स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं ७**

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहरबाट प्रभावित व्यक्तिलाई राहत वितरण सम्बन्धी कार्यविधी अनुसार प्रभावित व्यक्तिहरुको मापदण्ड कपुरकोट गाउँपालिकाका लागी ४१७ तकिएकाले प्रत्येक वडाका लागी देहायको संख्या निर्धारण गरी कार्यविधी अनुसार निबेदन माग गरी रकम वितरण गर्ने निर्णय गरियो ।

| वडा न | अधिकतम प्रभावित संख्या |
|---|---|
| वडा न १ | ५५ |
| वडा नं २ | ५७ |
| वडा नं ३ | ६५ |
| वडा नं ४ | ६० |
| वडा नं ५ | १०० |
| वडा नं ६ | ८० |

**निर्णय नं ८**

कपुरकोट गाउँपालिकाको एकिकृत विकासका लागी गत आव देखि नै तयार गरिएको एकिकृत गुरुयोजनाको निर्माण कार्य सम्पन्न भएकोले यस कार्यपालिका बैठकबाट स्वीकृत गरी लागु गर्ने र गुरु योजना निर्माणमा प्रचलित नियम अनुसार छनौट भई कार्य सम्पन्नमा सहयोग गर्ने परामर्शदाता लाई सम्झौता अनुसारको रकम गाउँ सभाबाट आन्तरिक श्रोत तर्फ विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

नेपाल सरकारको नमुना विद्यालय संचालन सम्बन्धी कार्यक्रम अनुसार चालु आव देखि कार्यान्वयन हुने गरी यस गाउँपालिकाको श्री जिवन ज्योति मावि रिम नमुना विद्यालयका रुपमा छनौट भए बमोजिम विद्यालयले नमुना विद्यालय संचालन सम्बन्धी गुरुयोजना, लागत स्टिमेट डिजाईन ड्रइङ्ग समेत तयार गरी पेश गरेकाले स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

कपुरकोट गाउँपालिका र कर्णाली जनजागरण युवा मन्च नेपाल कालिकोट विच भएको साझेदारी कार्यक्रम अनुसार श्री बिरेन्द्र मा.वि. गर्पामा रु २५ लाख वरावरको पुस्तकालय स्थापना गर्ने कार्य सम्पन्न भइ सकेकोले गाउँपालिकाको तर्फबाट प्रतिबद्धता भए अनुसारको रकम रु ५ लाख रकम भुक्तानी दिने निर्णय गरियो

**निर्णय नं ११**

शिक्षण सिकाई अनुदान कार्यविधी अनुसार चालु आ.व.मा यस गाउँपालिकालाई प्राप्त मावि तह अग्रजी, गणित र विज्ञान शिक्षकका लागि सम्बन्धित विद्यालयबाट पदपुर्तिका लागि विज्ञापन सम्बन्धमा विभिन्न पत्रपत्रिका तथा संचार माध्याममा समेत प्रसारण गर्दा अध्यापन अनुमति पत्रका कारण दरखास्त नपरी पदपुर्ति हुन नसकेमा अध्यापन अनुमति प्राप्त नगरेका व्यक्तिलाई समेत अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति नपाउदा सम्म वढिमा ६ महिनाको करार स्याद थप गरी प्रतिस्पर्धात्मक परीक्षा द्वारा पदपुर्ति गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

नेपाल सरकारको चालु आ वको बजेट बक्तब्य मार्फत विद्यालय कर्मचारीको न्युनतम पारिश्रमिकता रु १५ हजार निधारर्ण गर्ने र अपुग हुन जाने रकम सम्बन्धीत स्थानीय तहले बेर्होने उल्लेख भए अनुसार यस गाउँपालिकामा पहिलो चौमासिकमा विद्यालय कर्मचारीका लागी सो अपुग रकम भुक्तानी भई सकेकोले खर्च अनुमोदन गर्ने र आगामी दिनमा समेत संघिय सरकारबाट अपुग रकम प्राप्त नभएमा गाउँपालिकाबाट त.भ. प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

गत आ.वमा नेपाल सरकारलाई बुझाउनु पर्ने कर सबभन्दा धेरै बुझाई जिल्लाकै उत्कृष्ट करदाताका रुपमा सम्मानीत भई सक्नु भएका यस कपुरकोट गाउँपालिका वडा नं ३ निबासी श्री तुल्सीराम शर्मा लाई गाउँपालिकाको पनि उत्कृष्ट करदाताको रुपमा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

गत आ.व २०७७।७८ मा वडा नं १ कार्यालय भवन निर्माण योजना संचालनका लागी भएको ठेक्का बन्दोबस्तमा जग्गा विवादको कारण संचालन नभई संचालन भएकोले अव उप्रान्त समस्या समाधान भएकोले चालु आ.व २०७८।७९ मा प्रचलित नियम अनुसार छनौट भएको श्री विष्णु कन्सट्रक्सन शा.न.पा. १४ सल्यानलाई म्याद थप गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

यस आ.व.का लागी प्रदेश सरकारको साझेदारीमा आधारित एक स्थानीय तह एक बाली उत्पादन विशेष कार्यक्रम अन्तरगत प्रदेश सरकारबाट रु १५ लाख विनियोजन भएकोले गाउँपालिकाको तर्फबाट रु ३ लाख बजेट साझेदारी गर्ने र एक स्थानीय तह एक पशु विशेष कार्यक्रमका लागी पनि प्रदेश सरकारबाट रु १५ लाख विनियोजन भएकोले गाउँपालिकाको तर्फबाट रु ३ लाख बजेट साझेदारी गर्ने निर्णय गरियो ।